# आवश्यकता

**पुनः प्रकाशित सुचना मितिः २०७७ भाद्र ३ गते र आबेदन दिने अन्तिम मितिः २०७७ भाद्र ७ गते ।**

बर्दिया जिल्लाको राजापुर नगरपालिकामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र सि.एम.सि. नेपालको प्राविधिक सहयोग तथा स्विस दुतावासको आर्थिक सहयोगमा यस नगरपालिका मार्फत द्वन्द्व पीडितहरुलाई मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गर्नकालागि तल उल्लेख गरे अनुसारको पदको लागि योग्यता पुगेका निवेदकहरुबाट निवेदन आह्वान गर्दछौं । छनौट गरिएको उम्मेदवारलाई शुरुमा मनोसामाजिक परामर्शको तालिम प्रदान गरिनेछ र तालिम सँगसँगै द्वन्द्वप्रभावित ब्यक्तिको लागि मनोसामाजिक सहयोग पुर्याउने काममा परिचालन गरिनेछ ।

**पदः** मनोसमाजिक कार्यकर्ता – २ जना

**कामको मूख्य जिम्मेवारीः**

- द्वन्द्वको प्रभावको कारणले गर्दा मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तिहरुको पहिचान गर्ने ।
- मनोसामामाजिक सहयोगको महत्वको बारेमा द्वन्द्व प्रभावित ब्यक्तिहरुमा जनचेतना अभिबृद्धि गर्ने ।
- द्वन्द्व प्रभावित ब्यक्तिहरुलाई आवश्यक पर्ने मनोसामाजिक सहयोग नगरपालिकामा स्थापना गरिने मनोसामाजीक परामर्श केन्द्र मार्फत तथा घर भेटघाट गरी ब्यक्तिगत र समूहमा प्रदान गर्ने ।
- जिल्लामा रहेका कार्यक्रमका विज्ञ मनोवीद तथा सि.एम.सि. नेपालको केन्द्रका विज्ञ मनोविदहरुवाट प्रदान गरिने मनोसामाजीक परामर्श तालिम कोर्षको ढाँचा अनुसार अनिवार्य उपस्थित भएर तालिम लिने, मनोसामाजीक परामर्शको शिपहरुको सक्रिय पूर्वक द्वन्द्व पीडित सेवाग्राहीहरुसँग अभ्यास गर्ने ।
- यो तालिमको क्रममा प्रदान गरिने मनोसामाजीक सुपरभिजनमा अनिवार्य संलग्न हुने ।
- द्वन्द्व प्रभावित ब्यक्तिहरुलाई आवश्यक पर्ने मानसिक स्वास्थ्य सेवाको लागि मानसिक रोग विशेषज्ञसँग समन्वय गरी सि.एम.सि. नेपालले ब्यवस्था गरेको स्वास्थ्य संस्था मार्फत मानसिक रोगको विशेषज्ञवाट उपचारसेवा लिनकालागि आवश्यक समन्वय गर्ने ।
- तोकिएको ढाँचामा मनोसामाजीक परामर्श सेवाको सेवाग्राहीको विवरण राख्ने, केश फाईल तयार गर्ने, शेसन नोट भर्ने आदि ।

**योग्यताः**

- निवेदक स्वयं द्वन्द्वबाट प्रभावित वा द्वन्द्व प्रभावित परिवारको सदस्य भएको हुनुपर्नेछ । अन्यथा अन्तरवार्तामा छानिने छैन ।
- कम्तीमा कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्नेछ । सामाजशास्त्र वा मनोविज्ञान वा स्वास्थ्य शिक्षा विषयमा स्नातक गरेकालाई प्राथमिकता दिइने छ ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरेको र स्टाफ नर्स वा हे.अ.अ.हे.व. वा अ.न.मी. पासगरी कामको अनुभव गरिसकेकोलाई प्राथमिकता दिईनेछ ।
- निवेदक कम्तीमा २० वर्ष उमेर पुरा भएको हुनुपर्नेछ ।
- प्रभावकारी संचारको सीपका साथै कम्प्युटर, इन्टरनेट सम्वन्धि ज्ञान/सीप भएको ।

यस पदमा कामगर्ने कर्मचारी नगरपालिकामा स्थापना गरिने मनोपरामर्श केन्द्रमा रहेर काम गर्नुपर्ने हुन्छ र आवश्यकता अनुसार नगरपालिकामा रहेर द्वन्द्वप्रभावित ब्यक्ति तथा परिवारका सदस्यहरुलाई ब्यक्तिगत र समूहमा मनोपरामर्श सेवा प्रदान गर्नकोलागि समुदायस्तरमा समेत जानुपर्ने हुन्छ ।

सुविधाहरुः सीएमसी. नेपाल र नगरपालिका विच भएको सम्झौता अनुसार हुने छ । करारनामा फागुण २०७७ साल सम्मको लागि हुनेछ र कामको आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

माथि उल्लेख गरेअनुसार योग्यता पुगेका इच्छुक व्यक्तिले आफ्नो व्यक्तिगत विवरण सहित दरखास्त तल दिइएको ठेगानामा २०७७ भाद्र ७ गते भित्र पठाइदिन हुन आह्वान गर्दछौं । यस अघि निवेदन दिएका उम्मेदवारको पहिलाको निवेदन नै कायम गरिने भएकोले पुनः निवेदन हाल्नु पर्दैन । **द्वन्द्व प्रभावित स्थानीय ब्यक्ति तथा महिलालाई विशेष प्राथमिकता दिईनेछ ।**

पदपुर्ति प्रक्रिया सम्वन्धि सम्पूर्ण अधिकार सी।एम।सी। नेपालमा निहित रहनेछ ।

कार्यकारी निर्देशक, सि.एम.सि. – नेपाल

पोष्ट बक्स नं. ५२९५, काठमाडौं, नेपाल, ईमेलः vacancy.cmcnepal@gmail.com, वेभपेजः www.cmcnepal.org.np